DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142 

# घिमिरेका कवितामा विरोधजन्य सौन्दर्य

**सुभाषचन्द्र न्यौपाने, विद्यावारिधि**

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: *subashneupane953@gmail.com*

## लेखसार

प्रस्तुत अध्ययनमा कवि माधव घिमिरेका कवितामा निहित विरोधजन्य सौन्दर्यको विश्लेषण गरिएको छ । घिमिरेका कवितामा प्रयुक्त विरोधमूलक वर्गका अलङ्कारले विरोधजन्य सौन्दर्यको सिर्जना गरेका छन् । कवि माधव घिमिरेका कविहरूमा विरोधविच्छित्तिमूलक वर्गका विभिन्न एघारओटा अलङ्कारहरूको प्रयोग भएको पाइन्छ । यी एघारओटा अलङ्कारहरू प्रयोग भएका कवितांशहरूमा अनेक विरोधी विचार वा चिन्तनका बीच पनि सामञ्जस्य कायम गरिएको पाइन्छ । विरोधी चिन्तन वा सोचाइलाई कवि घिमिरेले उचित समन्यव गरी सौन्दर्यको सृष्टि गरेका छन् । कवि घिमिरेका विभिन्न कवितांशहरूमा केकस्ता विरोधजन्य वस्तुहरूका बीच सन्तुलन गरी सौन्दर्यको सृष्टि गरिएको छ भन्ने कुराको निरूपण यस लेखमा गरिएको छ । प्रस्तुत लेखको सामग्री विश्लेषणका क्रममा प्राथमिक सामग्रीका रूपमा कवि घिमिरेका फुटकर कविताहरूलाई उपयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा कवि घिमिरेका कविताका सम्बन्धमा प्रकाश पारी लेखिएका पुस्तक, लेख, अनुसन्धान र अलङ्कार सिद्धान्तसँग सम्बन्धित संस्कृत भाषाका पुस्तकहरूको उपयोग गरिएको छ । सौन्दर्य विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने चरका रूपमा सोद्देश्य कवितांशहरूको छनोट गरिएको छ ।

*शब्दकुञ्जी* : गूढार्थ, विच्छित्ति, सौन्दर्य, विरोध

## विषयपरिचय

आधुनिक नेपाली कविताका दोस्रो चरणमा देखापरेका स्वच्छन्दतावादी धाराको सुरुआतसँगै कविता लेखन प्रारम्भ गरेका माधव घिमिरेको साहित्यिक व्यक्तित्व कविता, गीतिनाटक, खण्डकाव्य, गीत, निबन्ध, समालोचना, कथा, नाटक, गीतिकाव्य जस्ता विधामा फैलिएको पाइन्छ । उनी भावसिद्ध र रससिद्ध स्वच्छन्दतावादी कवि हुन् । माधव घिमिरेको कवितायात्रा वि.सं.१९९२ मा ‘ज्ञानपुष्प’ कविता प्रकाशित भएपछि प्रारम्भ भएको मानिन्छ । वि. सं. १९९२ बाट प्रारम्भ भएको घिमिरेको काव्ययात्रा आठ दशकभन्दा लामो देखिन्छ । काव्ययात्राको यस लामा अवधिमा घिमिरेका *नवमञ्जरी* (१९९४) र *चैतवैशाख* (२०६०) कविता सङ्ग्रह प्रकाशित भएका छन् । यी कविता सङ्ग्रहमा समाविष्ट फुटकर कवितामा निहित विरोधजन्य सौन्दर्यको विश्लेषण यस लेखमा गरिएको छ । कविताको भाव तथा शैलीशिल्पमा विरोधजन्य सौन्दर्यको सिर्जना गरी कवितालाई आस्वाद्य, ग्राह्य तथा सौन्दर्यपूर्ण बनाउने अलङ्कार पक्षको विश्लेषण घिमिरेका कवितामा गर्नुपर्ने आवश्यकता रहेको हुनाले प्राज्ञिक क्षेत्रमा अनुसन्धान गर्नुपर्ने विषय बाँकी रहेको देखिन्छ । सोही प्राज्ञिक रिक्तता पूरा गर्नका लागि प्रस्तुत लेखमा घिमिरेका फुटकर कविताहरूको विरोधजन्य सौन्दर्यको विश्लेषणलाई अनुसन्धानको विषय बनाइएको हो ।

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142


**समस्याकथन**

कवि माधव घिमिरेका कविताहरूलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ । कवितालाई सौन्दर्यपूर्ण र आस्वाद्य बनाउने पूर्वीय काव्यशास्त्रका अनेक तत्त्वमध्ये विरोधमूलक आलङ्कारिक सौन्दर्यका दृष्टिले मात्र यस लेखमा कविताहरूको विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा विरोधमूलक आलङ्कारिक सौन्दर्यका आधारमा घिमिरेका कविताको विश्लेषण गर्दा निम्नलिखित समस्याहरूमा केन्द्रित गरिएको छ :

(क) घिमिरेका कवितामा कुनकुन विरोधमूलक वर्गका अलङ्कारको प्रयोग गरिएको छ ?

(ख) घिमिरेका कवितामा प्रयुक्त विरोधमूलक वर्गका अलङ्कारले केकस्तो सौन्दर्यको सृजना गरेका छन् ?

**उद्देश्य**

समस्याकथनमा उठाइएका प्राज्ञिक प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । प्रस्तुत अध्ययनको उद्देश्यलाई निम्नलिखित बुँदामा समेटिएको छ :

(क) घिमिरेका कवितामा कुनकुन विरोधमूलक वर्गका अलङ्कारको प्रयोग गरिएको छ भन्ने कुराको जोज गर्नु र

(ख) घिमिरेका कवितामा प्रयुक्त विरोधमूलक वर्गका अलङ्कारले उत्पन्न गरेको सौन्दर्यको विश्लेषण गर्नु ।

**औचित्य**

कवि माधव घिमिरेका फुटकर कविताहरूमा विरोधजन्य सौन्दर्यको खोज गरिएकाले प्रस्तुत अध्ययनको औचित्य पुष्टि हुन्छ । विरोधी अवधारणाहरूलाई पनि सन्तुलन गर्न सक्नु र विरोधकै बीचमा सौन्दर्यको सृष्टि गर्नसक्नु कविको कलाकौशल हो । यहाँ केकस्ता विरोधी अवधारणाहरूलाई कवि घिमिरेले कसरी समन्वय स्थापित गरेर सौन्दर्यको सृष्टि गरेका छन् भन्ने कुराको आधिकारिक विश्लेषण गरिएकाले प्राज्ञिक क्षेत्रमा यस लेखको औचित्य रहेको छ ।

**सीमाङ्कन**

घिमिरेका कवितामा केकस्ता विरोधामूलक वर्गका अलङ्कारहरूको प्रयोग केकसरी गरेका छन्, कवितामा प्रयुक्त अलङ्कारले केकस्तो सौन्दर्यको सृष्टि गरेका छन् भन्ने कुराको विश्लेषणमा मात्र यो अध्ययन सीमित रहेको छ । यस कवितामा प्रयुक्त विरोधमूलक वर्गका शब्दालङ्कारबाहेक अन्य वर्गका अलङ्कारसम्बन्धी सौन्दर्य पक्षको अध्ययन गर्न नसक्नु यस अध्ययनको सीमा हो ।

## पूर्वकार्यको समीक्षा

कवि माधव घिमिरेको जीवनी, उनका कविता, गीतिकाव्य, गीतिनाटक आदिका बारेमा प्रशस्त खोज, अनुसन्धान, चर्चा परिचर्चा, अध्ययन र विश्लेषणहरू भइसकेका छन् । घिमिरेका खण्डकाव्यका सम्बन्धमा विद्यावारिधि स्तरीय गहन अनुसन्धान भए पनि उनका फुटकर कवितामा प्रयुक्त विरोधमूलक अलङ्कारको छुट्टै अध्ययन हुनसकेको छैन । कवि माधव घिमिरेका कवितामा केकस्ता विरोधमूलक अलङ्कारहरूको प्रयोग गरिएको छ भन्ने कुराको चर्चा नपाइए पनि घिमिरेका कवितामा अलङ्कार प्रयोग भएका कुराको चर्चा भएको पाइन्छ । त्यसैलाई पूर्वकार्यको समीक्षाका रूपमा लिएर प्राप्त भएका पूर्वकार्यहरूलाई कालक्रमका आधारमा क्रमशः प्रस्तुत गरिएको छ ।

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142


वासुदेव त्रिपाठी (२०३२) ले *सिंहावलोकन* नामक पुस्तकको “कवि माधव घिमिरेका काव्य प्रवृत्ति, ‘कालीगण्डकी’ कविताको केन्द्रीयतामा” शीर्षकको लेखमा कवि माधव घिमिरेका काव्य मान्यताहरू प्रस्तुत गर्दै एउटा सानो कृतिमा समग्रतालाई समेट्न सक्नु घिमिरेको मूल मान्यता भएको कुरा उल्लेख गरेका छन् । घिमिरेको यस काव्यमान्यताभित्र शिल्पपक्ष पनि जोडिएको देखिन्छ । यस लेखमा कवि माधव घिमिरेका काव्य मान्यताहरूको तुलना विश्वका उत्कृष्ट कवि कालिदास र  किट्स जस्ता स्रष्टाहरूसँग गर्दै नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटाभन्दा फरक शिल्प भएका कविका रूपमा घिमिरेलाई चिनाइएको छ । त्रिपाठीको प्रस्तुत लेखको मूल उद्देश्य ‘कालीगण्डकी’ कविताको मात्र साङ्गोपाङ्गो विवेचना गर्नु भए पनि यसैभित्र अन्तर्भाव गराएर त्रिपाठीले विभिन्न प्रकृतिप्रेमी स्वच्छन्दतावादी कविहरूसँग कवि घिमिरेको तुलना गर्दै उनमा केही आफ्नै मौलिक विशेषताहरू, केही शाश्वत धाराहरू र केही काव्यादर्शहरू रहेको निष्कर्ष निकालेका छन् । घिमिरेका कविता काव्यमा ध्वंसका शक्तिहरूका विरुद्ध विद्रोहको अभिव्यक्ति पाइन्छ, जीवन मूल्यका पक्षमा वकालत गरिएको हुन्छ, जीवनका सुखदुःखलाई शालिग्राम शिलामा अभिव्यक्ति दिने कला घिमिरेमा छ, यति मात्र होइन उनका कवितामा राष्ट्रिय धड्कन प्रतिध्वनित भएको छ, विश्वजनीन चिन्तन छ भन्ने कुरा त्रिपाठीको विश्लेषणमा उल्लेख गरिएको पाइन्छ । ‘कालीगण्डकी’ कविताको विश्लेषणका क्रममा यस कवितामा पनि अलङ्कारहरू पाइने तर अलङ्कारको भरमार प्रयोगबाट काव्यमा कृत्रिमता र क्लिष्टता ल्याउनेतर्फ नलागी घिमिरेले स्वाभाविक रूपमा उपमा, स्वभावोक्ति र काव्यलिङ्ग जस्ता सरल र सुन्दर अलङ्कारहरूप्रति आकृष्ट भएर ती अलङ्कारहरूको प्रयोग गरेका छन् भन्ने कुरा उक्त विश्लेषणमा उल्लेख गरिएको पाइन्छ ।

भानुभक्त पोखरेल (२०३९/४०) ले “महाकवि देवकोटा र कवि माधव घिमिरे एक तुलनात्मक चर्चा” शीर्षकको लेखमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र कवि माधव घिमिरेका कवितात्मक प्रवृत्तिहरूलाई विभिन्न कोणबाट विवेचना गर्ने काम गरेका छन् । उनले रस, भाव, छन्द, संरचना, प्रविधि, शिल्पसौष्ठव र पदपरिपाकका आधारभूत काव्यतत्त्वका साथै विभिन्न स्वच्छन्दतावादी काव्य प्रवृत्तिहरूका सापेक्षतामा तुलनात्मक चर्चा गर्दै घिमिरे अलङ्कार प्रयोगमा देवकोटाभन्दा सफल छन् भन्ने विचार प्रस्तुत गरेका छन् ।

वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी (२०४८) ले सम्पादन गरेको *नेपाली कविता भाग २* मा नेपाली साहित्यको प्राथमिक कालका कवि सुवानन्द दासदेखि आधुनिक कालको चौथो चरण समसामयिक धाराका कवि कृष्णभूषण बलसम्मका कविहरूलाई सङ्कलित गर्दै ती कविहरूका कवितात्मक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । यसैक्रममा कवि माधव घिमिरेका कवितात्मक प्रवृत्तिहरूको उल्लेख गर्दै घिमिरेका कवितामा केकस्ता काव्यिक तत्त्वहरूको प्रयोग केकसरी गरिएको छ भन्ने कुरा पनि समालोचक त्रयले उल्लेख गरेका छन् । माधव घिमिरेका कविताहरूमा विभिन्न अलङ्कारहरूको प्रयोग भएको कुरा उल्लेख गर्दै समालोचक त्रयले भनेका छन् : “शब्दालङ्कारका रूपमा विशेष गरेर अनुप्रासलाई वरण गर्ने कवि घिमिरेले अर्थालङ्कारमध्ये उपमा, दृष्टान्त, समासोक्ति आदि विविध अलङ्कारहरूलाई सशक्त सौन्दर्य चेतनासहित आफ्ना कवितामा प्रस्तुत गरेका छन् र पूर्वीय काव्यतत्त्वमध्ये रस, भाव, ध्वनि, अलङ्कार र गुणको सम्मोहक सहज परिपाक उनका कविताको महत्त्वपूर्ण प्राप्ति बिन्दु हुन पुगेको छ”( पृ. १७८) ।

खगेन्द्रप्रसाद लुइटेल (२०६०) ले *कविता सिद्धान्त र नेपाली कविताको इतिहास* नामक पुस्तकमा नेपाली कविहरूको परिचय दिने क्रममा कवि माधवप्रसाद घिमिरेको सामान्य परिचय प्रस्तुत गरी घिमिरेका केही कवितात्मक प्रवृत्तिहरूलाई केलाउने काम गरेका छन् । घिमिरेका कवितामा पाइने भाव तथा विचारको सन्तुलनका पक्षबारे चर्चा गर्दै लुइटेलले माधवप्रसाद घिमिरे भाव र कलाको सन्तुलन गरी सरलता, सहजता र संक्षिततताभित्रै

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142 

पूर्णताको अपेक्षा गर्ने कवि हुन् । प्रकृति, संस्कृति, पुराण आदि विभिन्न क्षेत्रका बिम्ब र प्रतीकको प्रयोगका साथ परिष्कृत र सन्तुलित भाषाशैलीय विन्यासमा आबद्ध यिनका कविता सरल र सुबोध छन् । वर्तमानमा समेत शास्त्रीय छन्दका कट्टर हिमायती घिमिरेले आफ्ना कवितामा विविध शास्त्रीय छन्दको प्रयोग गरेका छन् । छन्दोबद्धता र आनुप्रासिक संयोजनका कारण यिनका कविता लयात्मक र सङ्गीतात्मक छन् । विविध अलङ्काहरूको कुशल प्रयोग तथा मनोहर, सुकुमार, सौन्दर्यपूर्ण अभिव्यक्ति सरल र सहज शब्दावलीमा गहन भावको प्रस्तुति आदि माधवप्रसाद घिमिरेका काव्यप्रवृत्तिगत वैशिष्ट्य हुन् भन्ने विचार लुइटेलले प्रस्तुत गरेका छन् ।

कपिल अज्ञात (२०६१) ले “राष्ट्रकविको सन्दर्भ र राष्ट्रवादी स्वर” शीर्षकको समालोचनात्मक लेखमा कवि माधव घिमिरेका कविताहरूमा पाइने राष्ट्रिय चिन्तन र राष्ट्रवादी स्वरको चर्चा गर्दै घिमिरेले नेपाली वीरताको गाथालाई कलात्मक शिल्पद्वारा प्रकट गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । कवि घिमिरेका कविताहरूमा वीर रसका साथै शान्त र करुण रसको प्रस्तुति भेटिन्छ भने उनले आफ्ना विचारहरूलाई अनेक आलङ्कारिक शिल्पद्वारा सजाएर प्रस्तुत गरेका छन् भन्ने कुरा अज्ञातको विश्लेषणमा उल्लेख गरिएको पाइन्छ । अज्ञातले आफ्नो विश्लेषणमा कवि माधव घिमिरेका कविताकाव्यमा प्रकट भएका अलङ्कारका बारेमा चर्चा गरेको नपाइए पनि उनले घिमिरेले आफ्ना विचारहरूलाई आलङ्कारिक शिल्पद्वारा सजाएर प्रस्तुत गरेका छन् भन्ने अभिव्यक्तिमा अलङ्कार स्वतः प्रकट भएको देखिन्छ । त्यसैले अज्ञातले कवि माधव घिमिरेका कविताकाव्यहरूमा अलङ्कारको प्रयोगलाई भने स्वीकार गरेकै देखिन्छ ।

सुभाषचन्द्र न्यौपानेले कवि माधव घिमिरेको वैशाख कविताको विश्लेषण गर्दै यस कवितामा सन्देह, अर्थान्तरन्यास, स्वाभावोक्ति, काव्यलिङ्ग, विशेषोक्ति, प्रस्तुतताङ्कुर जस्ता अलङ्कारको कुशल प्रयोग गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

यसरी हेर्दा पूर्वकार्यको समीक्षामा आएका विभिन्न समालोचकहरूका विचारमा कवि घिमिरेका कवितामा अलङ्कारको प्रयोग गरिएको हुन्छ भन्ने कुराको चर्चा पाइए पनि उनका कविताहरूमा केकस्ता विरोधमूलक अलङ्कारहरूको प्रयोग केकसरी गरिएको छ र ती अलङ्कार प्रयोगका कारण कविको कथ्य अर्थमा केकस्तो काव्यिक सौन्दर्य उत्पन्न भई सकारात्मक प्रभाव परेको छ भन्ने कुराको विश्लेषण नगरिएको हुनाले प्रस्तुत लेखमा यसै समस्यालाई लिएर घिमिरेका  कविताहरूको सौन्दर्यपरक विश्लेषण गरिएको छ ।

## शोधविधि तथा सामग्री

### सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनमा समस्याकथनमा उठाइएका समस्याहरूको समाधानका लागि पुस्तकालीय स्रोतबाट सामग्रीहरू जुटाइएको छ । कवि माधव घिमिरेका फुटकर कविताहरू नै यस अध्ययनका प्राथमिक सामग्री हुन् भने यस अध्ययनमा सामग्रीको सङ्कलन गर्दा सोद्देश्यमूलक छनोट पद्धतिको प्रयोग गरी चरको चयन गरिएको छ । यस अनुसन्धानमा विषयविज्ञद्वारा लेखिएका सम्बन्धित विषयमा आबद्ध द्वितीयक सामग्रीहरूको प्रयोग गरिएको छ ।

### विश्लेषण विधि

प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान ढाँचामा आवद्ध रहेको छ । अलङ्कारवादी आचार्य रुय्यकको अलङ्कार वर्गीकरणका आधारमा विरोधमूलक सौन्दर्यकारक अलङ्कारहरूको खोज गरी भामह, दण्डी, रुद्रट,

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142 

विश्वनाथ, जयदेव जस्ता अलङ्कारवादी चिन्तकहरूले स्थापित गरेका विरोधमूलक अलङ्कारका आधारमा वर्णनात्मक र विश्लेषणात्मक रूपमा विरोधमूलक अलङ्कारबाट उत्पन्न सौन्दर्यको विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

### विरोधमूलक अलङ्कार

काव्यमा वर्णित वस्तु वा पदार्थका बीच सामाजिक लोकव्यवहार वा परम्परा तथा अनुभूति विरुद्ध ज्ञान भएमा विरोध हुन्छ । विरोधमा आधारित अलङ्कारहरू विरोधविच्छित्तिमूलक अलङ्कार हुन् (अप्पयदीक्षित, ई. १९९७, पृ.७२) । यस वर्गका अलङ्कारहरूमा वर्णित वस्तु वा पदार्थ एक आपसमा विरुद्ध स्वभावका हुन्छन् तर त्यस्तो विरोध सामान्य नभएर सौन्दर्यपूर्ण हुनु आवश्यक हुन्छ । यस्तो विरोध कुनैमा स्पष्ट हुन्छ भने कुनैमा स्पष्ट हुँदैन । कवि माधव घिमिरेका फुटकर कविताहरूको विश्लेषणका लागि विरोधविच्छित्तिमूलक अलङ्कारहरूलाई विश्लेषणको आधारका रूपमा लिइएको छ । द्रव्य, गुण, क्रिया, जातिवाचक पदार्थ आदिमा विरोध हुँदा, कारणका अभावको कार्यको उत्पत्ति हुँदा, कारण भएर पनि कार्यको उत्पत्ति नहुँदा, कुनै वस्तुको वर्णनका क्रममा लोकसीमाको उल्लङ्घन गरी अतिशय रूपमा प्रस्तुत गर्दा, कार्य र कारण अलगअलग स्थानमा घटित हुँदा, अनुचित सम्बन्ध भएका प्रस्तुत र अप्रस्तुतका बीचको सम्बन्धलाई प्रस्तुत गर्दा, गरेको प्रयत्नभन्दा विपरीत फल प्राप्त हुँदा, आधारको भन्दा आधेयको मात्रा बढी हुँदा, आधारविना आधेयको वर्णन हुँदा, प्रिय वस्तुको स्मरणले पनि दुःखको अनुभूति गराउँदा, विपरीत गुण भएका वस्तुहरूको एकसाथ वर्णन हुँदा प्रकट हुने अलङ्कारहरू विरोधविच्छित्तिमूलक वर्गमा पर्दछन् (रुय्यक, इ.१९९४, पृ.३२) । यस वर्गका अलङ्कारहरूको प्रयोग कवि माधव घिमिरेका फुटकर कविताहरूमा केकसरी गरिएको छ, यस वर्गका अलङ्कारहरू केकति मात्रामा कवि घिमिरेका कवितामा प्रयुक्त भएका छन् भन्ने कुराको विश्लेषणका लागि विरोधविच्छित्तिमूलक वर्गका अलङ्कारहरूलाई कविता विश्लेषणका आधारका रूपमा ग्रहण गरिएको हो । विपरीत गुण भएका पदार्थहरूको वर्णनलाई घिमिरेले कसरी संयोजन गरी कवितामा चमत्कार सिर्जना गरेका छन् र उनका कविताको मूल उद्देश्यलाई उत्कर्षमा पुऱ्याउन यस वर्गका अलङ्कारहरूले केकस्तो सहयोग पुऱ्याएका छन् भन्ने कुराको विश्लेषणका लागि विरोधविच्छित्तिमूलक वर्गका अलङ्कारहरूलाई कविता विश्लेषणको आधारका रूपमा लिइएको हो ।

### चिन्तन वा सोचाइगत विरोधजन्य सौन्दर्य

कवि घिमिरेको *चैतवैशाख* कविता सङ्ग्रहका विभिन्न अठारओटा कविताका विभिन्न कवितांशहरूमा देखिएको विरोधी चिन्तनबाट सौन्दर्यको सृष्टि भएको पाइन्छ । छायाछविलाई छोएर जिन्दगी रच्ने कविको चाहना र मृत्युलाई छोएर जिन्दगी रच्ने चाहनाका बीच विरोध परेको देखिन्छ । छायाछविलाई छोएर जिन्दगी रच्न सकिए पनि मृत्युलाई छोएर जिन्दगी रच्न सकिँदैन तर कवि कलाकारहरू जीवनको अन्तिम अवस्थासम्म पनि सृजनात्मक कर्ममा जुटेका हुन्छन्, उनीहरू जीवनका कुनै पनि क्षणमा निस्क्रिय भएर बस्दैनन् । सधैँ सृजनात्मक कर्ममा जुट्न नै कवि कलाकारहरूको ध्येय भएको कुरा घिमिरेका कवितामा अभिव्यक्त भएको छ । तसर्थ यहाँ विरोधी चिन्तनका बीच पनि कर्मशील सृजनात्मक सौन्दर्य प्रकट भएको पाइन्छ । आफू राम्रो भइदिँदा अरूका लागि पीडा हुने हुनाले केलाई राम्रो भन्ने, घामपानीसहितको छायाछविले रुझाउको इन्द्रेनीलाई सुन्दर भन्ने कि कुरूप भन्दै कवि विरोधी चिन्तन प्रस्तुत गर्दछन् भने आफू राम्रो भए नि नराम्रो भए पनि जीवन इन्द्रेनीको घामछायामय स्वरूप भएकाले यहाँ प्राकृतिक वस्तुगत विरोधबाट मानवीय जीवनगत सौन्दर्यबोध भएको छ । विश्वबन्धु कवितामा संसारले धेरै उन्नति र प्रगति गरे पनि विश्वबन्धुत्वको अखडा कतै बन्न नसकेको, पृथ्वी विशाल भएर पनि वासको व्यवस्था

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142 

नभएको, परिश्रम गरेर पनि गाँसको व्यवस्था नभएको, जीवन अमूल्य भएर पनि मानवीय आयु पूर्ण नभएको, नवनव प्रतिभा भएर पनि सत्य सन्देश दिन नपाएका विषयवस्तुमा विरोधी चिन्तनहरू देखापरेका छन् । यी विरोधी चिन्तनहरूका माध्यमबाट विश्वबन्धुत्व, मानवता, स्वतन्त्रता, समानता र हार्दिक भावनाको विकास हुनुपर्ने विचारको अभिव्यक्तिले स्वतन्त्रता, समानता र भातृत्वभागत सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । नेपाल ठूलो भए कवितामा जुनसुकै व्यक्ति मन्त्रीपदमा आसीन भए पनि विकास र ज्ञानको विस्तार नभएको विचारबाट विरोधी चिन्तन प्रकट भएको छ । उदाहरणका रूपमा कवि घिमिरेको 'वैशाख' कवितामा नेपाली भएर आफ्नै हिमाल चढ्न नसकेको र सम्पूर्ण नेपालहरूको दिल छुन नसकेको विचारमा विरोधजन्य सौन्दर्य चिन्तन पाइन्छ । नेपाली हुनु तर हिमाल चढ्न नसक्नु तथा नेपाली जनजीवनका भावलाई समेटी कविताकाव्य लेखेर पनि नेपालीहको दिल छुन नसक्नुले प्रकृति र मानवलाई जोडेर सौन्दर्यको उद्घाटन गरिएको पाइन्छ, जस्तै :

*मेरै धौलागिरि उपरमा छैन मैले पुगेको*
*नेपालीको दिल छुन अझै छैन मैले सकेको । ३ ।*

यहाँ नेपालीहरू आफ्नै हिमाल चढ्न सकिरहेका छैनन् तर विदेशीहरू नेपाल आएर हिमाल अरोहण गरिरहेका छन् । विदेशीहरूले नेपालीको हृदय हुने काम गरे पसिन आफूले त्यस्तो काम गर्न नसकेको विचार व्यक्त गर्दा विरोधकै बीचमा सौन्दर्य सृष्टि भएको छ ।

वनको मूल पानी खाएर कहिल्यै तृप्त नभए जस्तै रामकहानी सुनेर कहिल्यै तृप्त नहुने कुराको वर्णनमा कारण भएर पनि कार्यको अभाव भएको देखिएकाले विरोध परेको देखिन्छ । यसप्रकारको विरोधबाट प्राकृतिक वस्तु तथा पौराणिक गाथाको उच्च महत्त्वका साथ सौन्दर्य उद्घाटन भएको पाइन्छ । दुलहीसरि लजाएर बसेकी कञ्चनजङ्घा हिमालको सौन्दर्य वर्णनमा विरोधका बीच पनि सामञ्जस्य कायम गरिएको छ । निद्राबाट बिउँझे पनि आँखा बन्द गरेर केही सम्झेझैँ प्रातःकालमा आफ्नो शयनमा रहेकी कञ्चनजङ्घाको रूपमोहनीबाट आकृष्ट भएर मैले हेरे पनि उनको रूपमा कुनै दाग लागेको छैन, मैले भोगे पनि मेरो भाग लागेको छैन भनी कारण भएर पनि कार्यको अभाव देखाएर सौन्दर्यको उद्घाटन गरिएको छ । 'राहुल यशोधरा' कवितामा बुद्धले घर छाडे जाँदा यशोधाले घर छोड्न नसकेको विचारमा पनि विरोध परेको देखिन्छ । आफ्नो बच्चालाई निद्रामा नै सचेत गराउने आमाले अर्काको बच्चा रुँदा थाहा नपाएकाले विरोधी चिन्तन देखापर्छ । यसबाट मातृवात्सल्यगत सौन्दर्य अभिव्यञ्जित भएको छ । 'मै राष्ट्रशक्ति' कवितामा मानिसभित्रै रहेको ईश्वरीय चेतलाई मानवले चिन्न नसकेर ईश्वरको खोजीमा यत्रतत्र भड्किएका कुराको वर्णनमा विरोधी चिन्तन पाइन्छ । यसबाट मानवीय अन्तरमनमा नै ईश्वरीय सौन्दर्य चेतना विद्यमान रहनाले मनुष्यको मनमस्तिष्कमा नै ईश्वरको वास भएको आध्यात्मिक सौन्दर्य उद्घाटित हुनपुगेको छ । जीवनको उत्तरार्धमा लागेपछि अघिल्लो अवस्थामा पाएका दुःखद अनुभूतिहरूको स्मरण गर्दा पनि पछिल्लो पुस्तालाई चोट पुग्ने कुराले वात्सल्य प्रेममय सौन्दर्य प्रकट भएको छ । 'दूधको सन्धि' कवितामा दाजुभाइको द्वन्द्वमा जसलाई चोट लागे पनि त्यसको पीडा सहने आमा भएका कुराको वर्णनले वात्सल्य प्रेममय सौन्दर्य उद्घाटन भएको पाइन्छ । 'कालीगण्डकी' कवितामा सानो सरल कृतिभित्र पूर्ण संसार अटाउने चाहनामा विरोधी चिन्तन देखिन्छ । यहाँ देखिएको विरोधी चिन्तनमा कुशल कलाकारितागत सौन्दर्य उद्घाटन भएको पाइन्छ । 'कलमवीर' कवितामा सारा दुःखसुखलाई सँगाली हात फैलाएर विश्वलाई अँगाल्ने विचारमा विरोधी चिन्तन देखिन्छ । यस विरोधी चिन्तनमार्फत् विश्वबन्धुत्व तथा भातृत्वरूपी सौन्दर्य अभिव्यञ्जित भएको छ । 'गोलसिमल' कवितामा चरीले आफ्ना प्रिय क्षणहरूको स्मरण गर्दा उसलाई दुःखको अनुभव भएबाट विरोधी चिन्तन प्रकट भएको छ । यस विरोधी चिन्तनले कारुणिक सौन्दर्य उद्भाषित भएको पाइन्छ । 'कुमारी आँसु'

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142 

कवितामा सिर्जनामा रस बाँकी रहनुका कारणका रूपमा अकारणलाई कारण बनाइएकाले विरोध परेको देखिन्छ । यसप्रकारको विरोधबाट सिर्जनात्मक सौन्दर्य जीवनका हरेक क्षणमा विद्यमान रहने विचार अभिव्यञ्जित हुन पुगेको देखिन्छ । उदाहरणका रूपमा यहाँ केही कविताका पद्यहरू प्रस्तुत छन्, जस्तै :

*यहाँ चहार्छन् कति देवदूत*
*बिनाशरीरै पनि दिव्यरूप*
*यो मृत्तिका हो कि त ज्योति हो वा*
*जे हो, त्यही हो, परिपूर्ण शोभा* । ५ । (रहस्य खोलेर रहस्य बाँकी)
*पानी बर्सनुको कुनै सुरबिना बर्सेर पानी पऱ्यो*
*थोप्ला टल्पल टल्किए किरणमा ए घामपानी पऱ्यो*
*छ्यापेभैँ जल मन्त्रिएर बिउँफैँ एक्कासि के कुन्नि भो*
*जे भो सुन्दर भो र एकछिनमै यो जिन्दगी धन्य भो* । १ । (घामपानी)

प्रस्तुत पद्यहरूमा यस भूमिमा विना शरीर डुल्ने भगवान्का दिव्य रूपहरूले यहाँको गरिमालाई उच्च बनाएका छन् भने विना कुनै सुर पानी पर्नाले मानवीय जीवन नै धन्य भएको अभिव्यक्तिमा विरोधजन्य सौन्दर्यको उत्कृष्ट स्वरूप भेटिन्छ ।

कवि घिमिरेले विरोधी विचारहरूका बीच पनि उचित सामञ्जस्य गरी सौन्दर्यको सृष्टि गरेका छन् । सामाजिक जीवनमा देखापर्ने अनेक विरोधी अवस्थाहरूलाई समन्वित रूपमा लिएर जान सक्ने सामर्थ्यका कारण माथि चर्चा गरिएका विभिन्न विरोधी अवस्थाका बीच पनि सन्तुलन कायम गरिएको पाइन्छ । जसले गर्दा विरोधगत सौन्दर्य, विरोधगत सृजनात्मकता, विरोधगत सार्थकता कवि घिमिरेका कवितामा भेटिने विरोधमूलक अलङ्कार प्रयोगको विशेषता हुन् भन्न सकिन्छ ।

**कार्यकारणगत विरोधजन्य सौन्दर्य**

कवि माधव घिमिरेको *चैतवैशाख* कविता सङ्ग्रहमा समाविष्ट विभिन्न कविताहरूमा कार्यकारण बीच विरोध देखिन्छ । कार्यकारण बीच देखिएको विरोधबाट कविले सौन्दर्यको सृष्टि गरेका छन् । विरोधविच्छित्तिमूलक वर्गका एघारओटा अलङ्कार प्रयोग भएका विभिन्न पद्यांशहरूमा देखापरेको कार्यकारणगत विरोध केवल विरोधका लागि नभएर सौन्दर्यको उद्घाटनका लागि गरिएको पाइन्छ । विरोधविच्छित्तिमूलक वर्गका अलङ्कार प्रयोग भएका विभिन्न तेइसओटा कविताका विभिन्न पद्यांशहरूमा विरोधजन्य सौन्दर्य अभिव्यञ्जित भएको छ ।

कवि घिमिरेको 'तँ वीर होस्' कवितामा नेपाली युवाहरूले गर्ने साहसिक कार्य र बलिदानपूर्ण कार्य सामान्य मानवका भन्दा अलग रहेका विचारमा कार्यकारणका बीच विरोध देखिन्छ । यसबाट उत्साहजन्य, पराक्रमजन्य, साहसजन्य सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'नवयुवक' कवितामा नेपाली नवयुवकले जस्तोसुकै विपतमा पनि पछि नहटी, आफ्नो जीवनको समेत पर्वाह नगरी गर्ने अनेक कार्यहरू सामान्य मानवका भन्दा फरक देखिएकाले कार्यकारणका बीचमा विरोध देखिन्छ । यसप्रकारको विरोधबाट साहसजन्य, बलिदानजन्य सौन्दर्य उद्घाटित भएको पाइन्छ । 'यात्री' कवितामा यात्रारत अवस्थामा कुनै यात्रीको जीवनलीला समाप्त भए पनि सहरवासीहरू दीपावलीसरह खुसीयालीमा चिन्तारहित अवस्थामा रहेका कुराको वर्णनमा विरोध देखिन्छ । यहाँ यात्रीको जीवनको कर्मशील, सङ्घर्षपूर्ण सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'आत्मनिवेदन' कवितामा व्यक्तिआत्मा परमात्मामा एकाकार भइसकेपछि भित्रीभाव छचल्किएर अनायास कविता निस्कियून् भन्ने विचारमा

कार्यकारणका बीच विरोध परेको देखिन्छ । यसबाट आत्मगत चैतन्य सौन्दर्य प्रकट भएको पाइन्छ । 'सूर्यसूक्त' कवितामा सूर्यका किरणरूपी घोडा आफैँ रथमा जुटेर गगनमा उठेका कुराको वर्णनमा कारणविना कार्य सम्पन्न भएको छ । यहाँ कार्यकारणगत विरोध देखिए पनि सूर्यका किरणले संसारलाई देदीप्यमान तुल्याउने अलौकिक आश्चर्यकारी अद्भुत सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'हिरण्यगर्भसूक्त' कवितामा हिरण्यगर्भ प्रकट हुने कुनै कारणविना उनको प्राकट्य भई उनैले सम्पूर्ण धर्ती र स्वर्गलाई धारण गरेका कुराको वर्णनमा विरोध देखिन्छ । यसकिसिमको विरोधबाट अद्भुत, चामत्कारिक, जादुमय सौन्दर्य अभिव्यञ्जित भएको छ । 'राष्ट्रिय झण्डा' कवितामा नेपाली वीरहरूले युद्धका क्रममा देखाएको युद्धकौशल, राष्ट्रिय झण्डाको अटलता, कहिल्यै नकुँडिने खुकुरीको धार आदिको चित्रण गर्ने क्रममा कार्यकारणका बीच विरोध देखापर्छ । यसरी देखिएको विरोधमा नेपाली बहादुर युवाहरूको उत्साहजन्य सौन्दर्य, नेपाली राष्ट्रिय झण्डाको अलट आस्थागत सौन्दर्य प्रकट भएको छ । 'चरीलमिनी' कवितामा युगौंयुगदेखि यात्रारत रहे पनि गिरिवरमाथि विजय प्राप्त गर्न नसकिएको विषयवस्तुमा विरोध देखिन्छ । यस किसिमको विरोधबाट गिरिवरको अपराजेय, उच्च हिमाली सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । उदाहरणका रूपमा कलमवीर कविताको एउटा पद्य प्रस्तुत छ :

*छप्काई शत्रुलाई छपछप खुकुरी धार हाम्रो कुँडिन्न*
*गर्दी घम्सान पर्दा पछितिर मुहुडा हेर हाम्रो मुडिन्न*
*नेपाली वीर, तातो रगत छ कहिल्यै शक्ति गल्दैन हाम्रो*
*आफ्नै सत्मा उठेको ध्वजपट कहिल्यै हेर ढल्दैन हाम्रो* । ७ ।

प्रस्तुत पद्यमा शत्रुका सामु केही गरेर पनि नेपाली युवा कहिल्यै पराजित नहुने विचारको अभिव्यक्तिले उत्साहजन्य सौन्दर्य प्रकट भएको छ भने यसै अभिव्यक्तिमा वीर रसका माध्यमबाट वीर नेपालीहरूको ऐतिहासिकता समेत झल्कन्छ ।

'कुमारी आँसु' कवितामा थाहै नपाइकन बालापनसँग यौवन साटेकी कुमारीको नित्य प्रातःकाल हाँसोयुक्त हुने गरेकोमा आज अश्रुपूर्ण देखिएको अवस्थामा विरोध परेको देखिन्छ । कार्यकारण बीच देखिएको यस किसिमको विरोधबाट कुमारीमनको कोमलतम्, अतिमृदुल सौन्दर्य प्रकट भएको पाइन्छ । 'अनादि प्रीति' कवितामा सँगै रहेर पनि विछोरिएका न्याउली चरीको जोडी र प्रीत पाएर पनि प्रीत पाउन बाँकी रहेका अवस्थाको वर्णनमा विरोध देखिन्छ । कार्यकारण बीच देखिएको यस किसिमको विरोधले चरीहरूमा रहेको आत्मीय प्रेममय सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'मेरो रुन्छ सरस्वती' कवितामा कोसी नदीसमेत निदाएको निष्पट्ट अँध्यारोमा कोही रोइरहेको र गिरिमा तारा उदाए पनि टल्पल आँसु नदेरिएका विषयको वर्णनमा विरोध देखिन्छ । यस किसिमको विरोधबाट सांसारिक विविधतामय सौन्दर्य प्रकट भएको पाइन्छ । 'कस्तूरी मन' कवितामा कस्तुरी मृगले आफ्नै नाभीमा रहेको वास्ना थाहा नपाएर यो कसको वास्ना हो भनी दौडनुले कार्यकारणका बीच विरोध परेको छ । यसप्रकारको विरोधबाट नेपाली भूमिमा पाइने पशुपक्षीहरूमा रहेको गुणजन्य सौन्दर्य प्रकट भएको छ । 'शिवसङ्कल्पसूक्त' कवितामा विश्वमनुष्य जगत्लाई वेगवान् रूपमा सञ्चालन गरेर पनि भगवान् शिवको ज्योतिर्मय स्वरूप कहिल्यै नथाक्ने कुराको वर्णनमा कार्यकारणका बीच विरोध देखिन्छ । यसप्रकारको विरोधबाट शिवशक्तिको अपरम्पार, अपराजेय र अथक शक्तिसौन्दर्य उद्घाटित भएको पाइन्छ ।

कवि घिमिरेको भानुभक्तलाई सङ्केत गरी लेखिएको 'लोक्को गरूँ हित् भनी' शीर्षकको कवितामा प्रकृति रूपमा वहने गङगा, वनपाखामा गाउँदै हिड्ने ठिटी र नारद सत्यलोक पुग्ने कार्यकारणका बीच कुनै शृङ्खला मिलेको पाइँदैन । यस किसिमको विरोधबाट प्रकृतिजन्य रमणीय सौन्दर्य र लोककल्याणजन्य सौन्दर्य प्रकट भएको

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46142 

पाइन्छ । 'हाइट्रोजन बम' कवितामा मनुष्यले आफ्नो वसमा पारेको सम्पूर्ण शक्ति मुनष्यबाट उम्किएर मनुष्यमाथि नै प्रहार हुन थालेको सन्दर्भमा कार्यकारणगत विरोध देखिन्छ । यसप्रकारको विरोधबाट मानवीय आविस्कारहरूको दुरुपयोगबाट उत्पन्न विनाशरूपी अमर्कजन्य सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ भने बमको त्रासले पृथ्वी सर्पमा चढेर दौडनुले त्रासजन्य सौन्दर्य पनि प्रकट भएको देखिन्छ । 'पुरुषसूक्त' कवितामा संसार हाँक्ने परमात्मा परमेश्वर दश अङ्गुलमाथि बस्नुले कार्यकारणका बीच विरोध देखिन्छ । यसप्रकारको विरोधबाट परमेश्वर परमात्माको सर्वव्यापक, सर्वशक्ति सम्पन्न, बहुरूपजन्य सौन्दर्य प्रकट भएको पाइन्छ । 'चरीलमिनी' कवितामा गगनवनमा तोरी फुल्नु र किरणमा बाँसुरी बज्नु जस्ता विषयको वर्णनमा कार्यकारण बीच विरोध देखिन्छ । यसप्रकारको विरोधबाट नेपाली प्रकृतिको विविधतामय सौन्दर्य, अद्भुत कलात्मक स्वरूपगत सौन्दर्य प्रकट भएको देखिन्छ । 'रहस्य बोकेर रहस्य बाँकी' कवितामा यस प्रकृतिमा विनाशरीर यात्रा गर्ने देवताहरूका चरित्रका माध्यमबाट यस भूमिको अलौकिकता र दिव्यता प्रकट भएको पाइन्छ । 'अनित्य नै लाग्दछ नित्य जस्तो' कवितामा यस प्रकृतिको रहस्यात्मक सौन्दर्य प्रकट भएको देखिन्छ । 'मैले नहेरे सब सृष्टि व्यर्थ' कवितामा अन्धकार मथ्ने र शून्यमा सुन्दर सृष्टिको रचना गर्ने विषयको वर्णनमा विरोध देखिन्छ । कार्यकारणका बीच देखिएको यसकिसिमको विरोधबाट प्रातःकालीन उषाको अद्वितीय शोभासौन्दर्य र शक्तिसौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'इन्द्रेनीको जनिम' कवितामा अकारणलाई नै कारण बनाइएकाले कार्यकारणका बीच विरोध देखिन्छ । यसप्रकारको विरोधबाट प्राकृतिक वस्तुहरूको महिमा र जादुमय सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ ।

यसप्रकार कवि घिमिरेले आफ्ना कविताहरूमा विभिन्न कार्यकारणगत विरोधका बीच पनि सामञ्जस्य स्थापित गरी सौन्दर्यको सृष्टि गरेका छन् । कार्यकारण बीच देखिएको विरोधले अलग अग वस्तुहरूमा पनि केकस्तो अन्तःसम्बन्ध र अभिभाज्य सम्बन्ध रहेको छ भन्ने कुरा देखाइएको छ । कार्यकारण बीचको विरोधबाट उत्पन्न सौन्दर्यका कारण कवि घिमिरेका फुटकर कविताहरू आस्वादनयुक्त र अर्थगम्भीर बन्न पुगेका छन् ।

**प्राकृतिक विरोधजन्य सौन्दर्य**

कवि माधव घिमिरेको *चैतवैशाख* कविता सङ्ग्रहमा समाविष्ट विभिन्न कवितांशहरूमा प्राकृतिक वस्तुहरूका बीच विरोध देखिन्छ । प्राकृतिक वस्तुहरूका बीचमा देखापरेको विरोधले कवितालाई दुरुह नबनाई सौन्दर्यको वृद्धि गरेका छन् । विरोधविच्छित्तिलक वर्गका जम्मा एघारओटा अलङ्कारहरू प्रयोग भएका विभिन्न पद्यांशहरूमा प्रस्तुत प्राकृतिक वस्तुहरूको आपसी विरोधबाट सौन्दर्यको सृष्टि भएको पाइन्छ । विभिन्न दशओटा कविताका केही पद्यांशहरूमा विरोधजन्य सौन्दर्य उत्पन्न गरिएको छ ।

कवि घिमिरेको 'रहस्य खोलेर रहस्य बाँकी' कवितामा प्रकृतिको रहस्य दिनको प्रकाशले, रात्रिको चाँदनीले, सन्ध्याको सिँदुरे क्षणले, शरद्को सुन्दर झाँकीले खोलिसकेपछि पनि अझै रहस्य रहिरहेका कुराको वर्णनमा विरोध देखिन्छ । यसरी प्राकृतिक स्वरूपमा देखापरेको विरोधले प्रकृति आफैँमा रहस्यको खानी हो, यसको आन्तरिक रहस्य खोलेर कहिल्यै सकिँदैन भन्ने रहस्यमय सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'कुमारी आँसु' कवितामा पन्छीले विलाप गर्दा व्यथा नबनेर गीत बनेको तथा प्रभात हाँस्दा प्रसन्न नबनेर शीत बनेका कुराको वर्णनमा विरोध देखिन्छ । यसप्रकारको विरोधबाट प्रकृतिको पीडामा पनि खुसी र सुखमा पनि पीडा रहेको हुनाले प्राकृतिक वस्तुहरूका बीच विरोधी अवस्था देखिन्छ । यसै विरोधमा प्रकृतिको शक्ति विद्यमान रहेको प्राकृतिक शक्ति सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'सम्बोधन' कवितामा नेपाली हिमाली प्रकृतिमा रहेका काठहरू आफैँ बल्ने कुराको वर्णनमा विरोध देखिन्छ । यसरी प्राकृतिक वस्तुमा देखिएको विरोधबाट यस देशको प्रकृतिमा विद्यमान अलौकिक शक्ति सामर्थ्य र आकर्षण रूपी सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'रहस्य खोलेर रहस्य बाँकी' कवितामा

विनाबोट र विनापात केही फुलेको छ भने विनावस्तु केही मिलेको छ । यसरी प्रकृतिका वस्तुहरूमा देखिएको यस किसिमको विरोधबाट प्रकृतिका कतिपय वस्तुहरूमा स्वतः शृङ्खलित भएर आएका हुन्छन् । प्रकृति आफैँमा भरिपूर्ण भएकाले यसका लागि अर्को वस्तुको आवश्यकता नपर्ने र प्रकृति आफैँमा परिपूर्ण भएको पूर्णताजन्य सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'चलीजाऊ' कवितामा पवनले आफैँ झरझर ध्वनि बरालेर ल्याएको, निर्झर आफैँ फैलिएर विस्तारित बनेका कुराको वर्णनमा प्राकृतिक वस्तुहरूका बीचको कार्यकारण शृङ्खला देखापर्दैन । यसरी प्रकृतिका वस्तुहरूमा देखापरेको विरोधबाट प्रकृतिको नित्य क्रियाका लागि कुनै कारण नचाहिने र कारणविनै कार्य सम्पन्न हुने अकारणगत सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'घामपानी' कवितामा विनाबादल विनामेघ गर्जन, कुनै सुरविना घाम लागिरहेको अवस्थामा पानी पर्नुले प्रकृतिको विचित्रतामय सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'दिव्य उषा' कवितामा प्रातःकालीन उषाले क्रमशः अग्ला पर्वतहरू नाघ्दै आफ्ना किरणरूपी पङ्खद्वारा सारा संसारलाई प्रकाशमान तुल्याएकोले उषाका कृत्यको अलौकिक शक्तिसौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ । 'हामी पर्वतका कुमार' कवितामा पर्वतका टाकुरामा हिउँसरि जमेर बसेको पानीले समुद्रसम्मको यात्रा गर्ने क्रममा कठिन परिस्थितिहरू पार गरेको छ । अनेक बिघ्नबाधा सहेर पनि समुद्रसम्मको यात्रा गर्ने क्रममा प्रकृति स्वरूप पानीको प्रवाहशील सौन्दर्य अभिव्यञ्जित भएको पाइन्छ ।

*दिवा उजेली रजनी उजेली*
*सन्ध्या सिँदूरे छविका तरेली*
*अहो शरद् सुन्दर दिव्य झाँकी*
*रहस्य खोलेर रहस्य बाँकी* । ।१। (रहस्य खोजेर रहस्य बाँकी)

प्रस्तुत पद्यमा शारदीय सौन्दर्यको उत्घाटनका लागि अर्थापत्ति अलङ्कारका माध्यमबाट सौन्दर्यको सृष्टि गरिएको छ भने यस विरोधमूलक अलङ्कारद्वारा प्रकृतिको अपार सौन्दर्य सधैँ सौन्दर्यकै रूपमा रहिरहन्छ भन्ने विचार प्रस्तुत भएको छ ।

यसप्रकार प्रकृतिका विभिन्न वस्तुहरूका बीचमा देखापरेको विरोधबाट दुई विपरीत वस्तुहरूका बीचमा पनि केकस्तो सामञ्जस्य देखिन्छ, विपरीत वस्तुहरूका बीचको सन्तुलनले केकस्तो आह्लादकता र सौन्दर्य अभिव्यञ्जित भएको हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । यसर्थ प्रकृतिजन्य विरोधी वस्तुहरूको चित्रणबाट कवि घिमिरेका कविताहरूमा सौन्दर्यको सृष्टि भएको पाइन्छ ।

**मानसिक अवस्थाका बीच विरोध**

कवि माधव घिमिरेको *चैतवैशाख* कविता सङ्ग्रहमा समाविष्ट विरोधविच्छित्तिमूलक वर्गका अलङ्कारहरू प्रयोग भएका विभिन्न पद्यांशहरूमा मानसिक अवस्थाका बीच विरोध देखिन्छ । विभिन्न सामाजिक व्यवहारले मानव मनमा पर्ने घात, प्रतिघात, चोट, पीडा र विषम अवस्थाका कारण व्यक्तिको मानसिकताकामा असर परी मानसिक अन्तरविरोध उत्पन्न भएको पाइन्छ । विरोधविच्छित्तिमूलक अलङ्कार प्रयोग भएका विभिन्न कविताहरूमध्ये पाँचओटा कवितामा केही पङ्क्तिहरूमा मानसिक अन्तरविरोध देखापरेको छ ।

कवि घिमिरेको 'राहुल यशोधरा' कवितामा सिद्धार्थ गौतम घर छाडेर हिँडिसकेपछि यशोधराको मानसिकतामा विरोधी चिन्तन देखापरेको छ । आफू श्रीमान्सँगै जान चाहेर पनि छोरा राहुलको स्नेहका कारण मनका सयौं ढोका खुला भए पनि तिनलाई बन्द गरेर म तिम्रो स्नेहको छोरीमा बाँधिएर रहेकी छु भन्ने यशोधराको कथनमा मानसिक अन्तरविरोध देखापरेको छ । पँधेर्नी कवितामा एकाबिहानै गाग्रो बोकेर पँधेरामा पानी भर्न पुगेकी

युवतीको मानसिक अन्तरविरोध प्रस्तुत गरिएको छ । पँधेरामा पानी भर्न छाडेर कहिले चुल्ठो बटार्दै यताउति हेर्ने, कहिले सूर्यलाई ढोग्दै पानी चढाउने ती युवतीको मानसिकता द्वन्द्वमय बनेको छ । अन्तरद्वन्द्वकै कारण ती युवतीका क्रियाकलापहरूमा विविधता देखापरेको हो । अतः पँधेर्नी युवती मानसिक अन्तरविरोधमा विचलित बनेकी देखिन्छिन् । 'सौगन्धी फूल' कवितामा हिमशिखरको काखमा देखिएकी बालाको दर्शनपछि म पात्रको मानसिकता अन्योलग्रस्त बनेको छ । हिमकमलको फुल्न बाँकी कोपिलातुल्य गाला भएकी ती बाला मतिर हेरेर किन मुस्काइन् भन्ने कुरा जान्न नसकेर म पात्रको मानसिकता विचलित बनेको छ । ती बाला आफैँमा मुस्कुराएकी हुन् कि मलाई देखेर मुस्कुराएकी हुन्, त्यो कुरा पनि म पात्रले यकिन गर्न सकेका छैनन् । 'जिन्दगी वरदान हो' कवितामा जसरी शून्य आकाशमा इन्द्रेनी पर्छ त्यसैगरी खाली समयमा पनि जिन्दगी रच्न सकिन्छ कि सकिँदैन भन्ने अन्योल सिर्जना भएको पाइन्छ । तसर्थ यहाँ पनि मनमा मानसिक अन्तरविरोध देखिन्छ । 'गौरीशङ्कर' कवितामा भगवान् शङ्कर र गौरीले एकअर्काको मुख नहेरे पनि उनीहरूको मन मिलिसकेका कुराको वर्णनमा के भगवान्को मात्र यस किसिमको आत्मिक प्रेम हुन्छ कि मनुष्यको पनि हुन्छ भन्नेमा म पात्रमा द्विविधा भएकाले म पात्रको मानसिकदशा द्वन्द्वमय बनेको पाइन्छ । यसप्रकार कवि घिमिरेका विरोधविच्छित्तिमूलक अलङ्कार प्रयोग भएका केही कवितांशहरूमा मानसिक अन्तर विरोधका माध्यमबाट कविको कथ्य अर्थ बढी गम्भीर र गहन बन्न पुगेको देखिन्छ ।

कवि माधव घिमिरेको 'मेरो रुन्छ सरस्वती' कवितामा प्रकृति र मानवीयजगत्मा देखिएका बेमेल अवस्थाहरूको चित्रण गर्ने क्रममा अभिव्यक्त भएको निम्नलिखित पद्यमा विशेषोक्ति अलङ्कारका माध्यमबाट विरोधजन्य दैन्यभाव अभिव्यञ्जित भएको पाइन्छ :

*कोही रोइरहेछ मध्य निशिमा कोशी निदाए पनि*
*आँसू टल्पल देखिँदैन गिरिमा तारा उदाए पनि*
*आँसू हुन् भनी शीतबिन्दु यतिका डोलेर पो हुन्छ के*
*मेरो रुन्छ सरस्वती मनमनै बोलेर पो हुन्छ के ?* । १ ।

प्रस्तुत पद्यमा कारण भएर पनि कार्य नभएका विषयको वर्णनले विशेषोक्ति अलङ्कार पर्न गएको देखिन्छ भने मानवीय पीडाका कारण दैन्यभाव व्यक्त भएको पाइन्छ । कोसी निदाउने कारण हुँदाहुँदै पनि कोही रुनु नपर्ने तर रुने कार्य भएको छ । गिरिमा तारा उदाउने कारण भएर पनि आँसु देखिनु पर्ने तर आँसु देखिने कार्य भएको छैन । यसरी विशेषोक्ति अलङ्कारका माध्यमबाट मानवले रुनुपर्ने वाध्यात्मक अवस्थाको चित्रण गर्दै प्रकृतिमा एकरूपता छैन, कोही मस्तसँग निदाएको छ, कोही रोइरहेछ, कतै तारा उदाएर संसार प्रफुल्लित भएको छ, कतै कोही आफ्ना दुःखपीडाहरू लुकाएर कसैलाई नदेखाई रोइरहेको छ, त्यसैले यो मानवीय पीडाले गर्दा दीनताको अनुभव गर्नुपरेको कारुणिकता अभिव्यक्त भएको छ भने प्रकृति र मानवीय जीवनमा देखिएको विषम परिस्थितिलाई अभिव्यक्त गरिएको छ ।

**निष्कर्ष**

माधव घिमिरेका कवितामा विरोधविच्छित्तिमूलक वर्गका दशओटा अलङ्कारहरूको प्रयोग भएको छ । यस वर्गका अलङ्कारमध्ये उनका कवितामा विभावना, विशेषोक्ति र अधिक अलङ्कारको बढी प्रयोग भेटिन्छ । यस वर्गका अलङ्कारको प्रयोगद्वारा कथ्य विषयहरूको कार्य र कारणका बीचमा देखिएको अमिल्दोपन, कार्यकारणका बीचको असङ्गति, विनाकारण कार्यको उत्पत्ति, कारणको उपस्थितिमा पनि कार्यको अभावलाई झल्काउने कथ्यगत चमत्कारको सृजना भएको छ । उनका कवितामा विभावना अलङ्कारद्वारा कारणको अभावमा नै सहज र स्वाभाविक रूपमा उत्पन्न हिमाली सौन्दर्यको उद्‌घाटन गरिएको छ । नेपाली हिमाली प्रकृतिमा रहेको यस्तो

आह्लादकारी सौन्दर्यलाई जजसले जेजसरी उपभोग गरे पनि त्यो सौन्दर्यमा कुनै कमी नआउने हुनाले यो भूमि सौन्दर्यको खानी हो, यसको अटुट सौन्दर्यले संसारलाई मोहित तुल्याइरहेको हुन्छ भन्ने कुराको अभिव्यञ्जना विभावना, विशेषोक्ति, अधिक जस्ता अलङ्कारद्वारा भएको छ । विनाकारण अलौकिक ज्योति उत्पन्न गर्ने र छर्ने हिमाली गुफाहरू ज्ञानका भण्डार हुन्, यिनै हिमाली गुफा र कुनाकन्दराहरूमा ऋषिमुनिहरूले दिव्य ज्ञान प्राप्त गरेका हुनाले यो भूमि ज्ञानभूमि हो, यही भूमिले संसारका मानवलाई निरन्तर चेतना प्रवाहित गरिरहेको हुन्छ भन्ने कुरा उनका कवितामा प्रयुक्त विरोधमूलक वर्गका अलङ्कारद्वारा अभिव्यञ्जित भएको छ । विभावना र विशेषोक्ति अलङ्कारको कुशल प्रयोगका दृष्टिले उनका 'दुलही हिमाल काञ्चनजङ्घा', 'राष्ट्रिय झण्डा', 'विश्वबन्धु', 'चरी लमिनी', 'सम्बोधन', 'रहस्य खोलेर रहस्य बाँकी', 'घामपानी', 'सूर्यसूक्त' जस्ता कविताहरू उत्कृष्ट बनेका छन् भने अधिक अलङकारको प्रयोग कौशलका दृष्टिले 'कालीगण्डकी', 'कलमवीर', 'अतिशय सुन्दर' जस्ता कविता उत्कृष्ट बनेका छन् ।

## सन्दर्भसामग्री


अज्ञात, कपिल (२०६०). राष्ट्रकविको सन्दर्भ र राष्ट्रवादी स्वर,. *वागीश्वरी.* राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क *(१६)*१२). पृ.१०५-१०९ ।

अप्पयदीक्षित, (ई. १९९७). *कुवलयानन्द* (च.संस्क.). चौखम्बा विद्याभवन ।

घिमिरे, माधव (२०६०). *चैतवैशाख.* साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३२). *सिंहावलोकन.* (द्वि.संस्क.). साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (२०४८). (सम्पा.). *नेपाली कविता भाग २.* साझा प्रकाशन ।

न्यौपाने, सुभाषचन्द्र (२०७७). वैशाख कवितामा अलङ्कारविधान. *ज्ञानज्योति विज्ञ समीक्षित जर्नल. (२)*१. पृ.२६०-२७२ ।

न्यौपाने, सुभाषचन्द्र (२०७८). *माधव घिमिरेका कवितामा अलङ्कारविधान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

पोखरेल, भानुभक्त (२०३९/४०). महाकवि देवकोटा र कवि माधव घिमिरे एक तुलनात्मक चर्चा, *वाङ्मय (३)*३. पृ.२२-३० ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रुय्यक, (ई. १९९४). *अलङ्कारसर्वस्वम्.* (व्याख्याकार). त्रिलोकीनाथ द्विवेदी. चौखम्बा सुरभारती प्रकाशन ।